बस्तीबस्तीमा अध्यक्ष कार्यक्रम सञ्चालन कार्यविधि, २०७९

सुनिलस्मृति गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

लुम्बिनि प्रदेश

प्रस्तावना : स्थानीय सरकारप्रति जनताको अपेक्षा र चाहनाको अभिवृद्धि संगै जनताका आधारभूत आवश्यकता परिपूर्ती गर्नेतर्फ स्थानीय सरकारले विविध कार्यक्रम सञ्चालन गरिरहेको छ । सुनिलस्मृति गाउँपालिकाले जनताका समस्या, विकासका आवश्यकता, भोगिरहेका कठिनाईहरुलाई सहज, सरल र छिटो छरितो प्रभावकारीढंगले सञ्चालन गर्नका लागि आफ्ना नीति तथा कार्यक्रमलाई जनमुखी बनाउदै लगेको छ । स्थानीय सरकार र जनता वीचको सम्बन्ध सुमधुर बनाउन जनतालाई स्थानीय सरकार प्रति विश्वास अभिवृद्धि गर्न तथा जनताको आशा र भरोसाको केन्द्रको रुपमा विकास गर्न, जनता र स्थानीय सरकार वीच आपसी समन्वय र सहकार्य वृद्धि गर्न सुनिलस्मृति गाउँपालिकाको गाउँसभाबाट बस्तीबस्तीमा अध्यक्ष कार्यक्रम स्वीकृत भएकोले सो कार्यक्रमलाई पारदर्शी प्रभावकारी र जनतालाई प्रत्यक्ष फाइदा पुग्ने योजना/कार्यक्रम सञ्चालन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी "**बस्तीबस्तीमा अध्यक्ष कार्यक्रम सञ्चालन कार्यविधि, २०७९**" तयार गरी लागु गर्न आवश्यक भएकाले यो कार्यविधि बनाई लागु गरिएको छ ।

(क) **१. प्रारम्भिक** :- (क) संक्षिप्त नाम र प्रारम्भ :- यो कार्यविधिको नाम "बस्तीबस्तीमा अध्यक्ष कार्यक्रम सञ्चालन कार्यविधि, २०७९" रहेको छ ।

(ख) यो कार्यविधि सुनिलस्मृति गाउँपालिका गाउँ कार्यपालिकाले पारित गरेको मिति देखि प्रारम्भ हुनेछ ।

२. परिभाषा :- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) अध्यक्ष भन्नाले :- सुनिलस्मृति गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

(ख) कार्यपालिका भन्नाले :- सुनिलस्मृति गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) प्रमुख प्रशासकीय अधिकृत भन्नाले :- सुनिलस्मृति गाउँपालिकाके प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(घ) पूर्वाधार विकास समिति भन्नाले :- सुनिलस्मृति गाएँपिलकाले गठन गरेको पूर्वाधार विकास समितिलाई सम्झनु पर्छ ।

(ङ) आर्थिक विकास समिति भन्नाले :- सुनिलस्मृति गाउँपालिका गाउँ कार्यपालिकाले गठन गरेको आर्थिक विकास समितिलाई सम्झनु पर्छ ।

(च) सामाजिक विकास समिति भन्नाले :- सुनिलस्मृति गाउँपालिका गाउँ कार्यपालिकाले गठन गरेको सामाजिक विकास समितिलाई सम्झनु पर्छ ।

(छ) उपभोक्ता समिति भन्नाले :- आयोजना कार्यान्वयन स्थलका आयोजनाबाट प्रत्यक्ष लाभान्वित समुदायबाट प्रचलित कानुन बमोजिम छनौट भई आयोजना सम्पन्न गर्न गठन भएको जिम्मेवार समितिलाई सम्झनु पर्छ ।

(ज) अनुगमन समिति भन्नाले :- यस कार्यविधिको दफा ६ बमोजिमको समितिलाई सम्झनु पर्छ ।

३. आयोजना सञ्चालन गरिने क्षेत्रहरु

बस्तीबस्तीमा अध्यक्ष कार्यक्रमलाई प्रभावकारीढंग बाट सञ्चालन गर्नका लागि सुनिलस्मृति गाउँपालिकाले तपशिल बमोजिमका विभिन्न क्षेत्रहरुको पहिचान गरी योजना/आयोजना/ कार्यक्रम सञ्चालन गर्न सक्ने छ ।

(ख) पूर्वाधार विकास :- गाउँपालिका अन्तर्गत रहेका ग्रामिण सडक, कृषि सडक निर्माण तथा मर्मत, सामुदायिक विद्यालय भवन निर्माण तथा मर्मत, साना सिचाई निर्माण तथा मर्मत, झोलङ्गे पुल मर्मत, सार्वजनिक शौचालय निर्माण, सार्वजनिक भवन निर्माण तथा मर्मत संभार, विद्यालय भवन निर्माण, घेरावार, रङरोगन, खानेपानी आयोजना निर्माण तथा मर्मत, तथवन्धन पहिरो नियन्त्रण आदि ।

(ग) आर्थिक विकास :- सुनिलस्मृति गाउँपालिकमा कृषि, पशु, सहकारी क्षेत्रको विकास सम्भावनाहरुलाई मध्यनजर गर्दै ती क्षेत्रको विकासका लागि कृषक समुह/सहकारी संस्थाहरुको मागको आधारमा एकमुष्ट अनुदान कार्यक्रम । पर्यटन क्षेत्रको पहिचान र विकासका लागि संभावित क्षेत्रमा पूर्वाधार निर्माण तथा सामाजिक सांस्कृतिक पहिचानको संरक्षण र सम्वर्धन गर्न खालका आयोजनाहरु, सहकारी क्षेत्रको विकासका लागि सहकारी संस्थाको सुदृढीकरणका लागि अनुदान कार्यक्रमहरु ।

(घ) गाउँपालिकाका अध्यक्षले पहिचान गरेका पूर्वाधार विकास तथा आर्थिक विकास अन्तर्गत पर्ने अन्य योजना तथा कार्यक्रमहरु ।

४. आयोजना छनौट विधि वा प्रकृया

(क) आयोजना/कार्यक्रमका लागि बजेटको सुनिश्चतता :- सुनिलस्मृति गाउँपालिकाको गाउँसभाबाट बस्तीबस्तीमा अध्यक्ष कार्यक्रम अन्तर्गत विनियोजना गरिएको बजेट रकम ।

(ख) आयोजना/कार्यक्रम छनौटका लागि कार्यविधिमा उल्लिखित आयोजना/कार्यक्रम सञ्चालनका क्षेत्रहरुमा उल्लिखित विषयहरुलाई मध्यनजर गर्दै गाउँपालिका अध्यक्षले पहिचान गरेका, अनुगमनका क्रममा देखेका जनताका जरुरी माग सम्बन्धी निवेदन तथा अन्य आवश्यक ठानेका महत्वपूर्ण आयोजना/कार्यक्रमहरु र तत्कालै संबोधन गर्नुपर्ने जनताका अति आवश्यक आयोजना/कार्यक्रम छनौट गरिने छ ।

(ग) यसरी छनौट गरेका आयोजना कार्यक्रमको लागि सोही कार्यक्रममा विनियोजित गरिएको बजेटबाट गाउँ गाउँपालिका अध्यक्षबाट निर्णय गराई सम्बन्धित योजना/कार्यक्रममा रकम छुट्याइने छ ।

(घ) आयोजना/कार्यक्रम कार्यान्वयन विधि :- आयोजना/कार्यक्रम छनौट पश्चात पारदर्शी र प्रभावकारी रुपमा आयोजना/कार्यक्रम कार्यान्वयन गर्नका लागि आवश्यक प्रकृया अवलम्वन गरिने छ ।

(ङ) उपभोक्ता समिति समिति मार्फत :- निर्माण सम्बन्धी कार्यलाई उपभोक्ता समितिबाट कार्यक्रम कार्यान्वयन गर्दा सुनिलस्मृति गाउँपालिकाले लागु गरेको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ का आधारमा गरिनेछ ।

(च) समूह मार्फत :- वेरोजगारी अन्त्य गर्नका लागि वेरोजगार व्यक्तिहरु तथा स्वदेश तथा वैदेशिक रोजगारीबाट फर्कीएका व्यक्तिहरु समेतले आपसमा मिली रु दुई लाखसम्मको आयोजना/कार्यक्रम समूह मार्फत गर्न सकिने छ ।

(छ) एकमुष्ट अनुदान मार्फत :- गाउँपालिका अध्यक्षले पहिचान गरी आवश्यकता ठानेका आयोजना/कार्यक्रम सञ्चालनका क्षेत्रहरुमा उल्लिखित विषयमा वस्तुगत,यथार्थपरक र स्थलगत अनुगमन गरी त्यस्ता व्यक्ति, परिवार वा समुदायलाई एकमुष्ट पूँजीगत प्रकृतिको कामको लागि रु पचास हजारसम्म अनुदान दिन सकिनेछ । सो रकम नियमानुसार आवश्यक प्रकृया पुऱ्याई भुक्तानी गरिने छ ।

(ज) कुनै संघ/संस्था समूहबाट :- आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने, उत्पादन तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, रोजगारी सृजना हुने, कार्यक्रमहरु सञ्चालन गर्न पचाश प्रतिशत रकम सहभागिता जनाउने प्रतवद्धता सहित पूँजीगत प्रकृतिको काम गर्न रु दुई लाखसम्मको प्रस्ताव पेश गरेमा अध्यक्षले उपयुक्त ठानेमा स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्न सकिने छ ।

५. आयोजना/कार्यक्रमको फरफारक सम्बन्धी व्यवस्था ।

दफा ४ बमोजिम छनौट भई दफा ५ बमोजिम कार्यान्वयन हुने योजना/कार्यक्रमको भुक्तानी देहायानुसार हुनेछ ।

(क) उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने आयोजना/कार्यक्रमहरुको फरफारक गर्दा वडा कार्यालयबाट कार्यक्रम सम्पन्नको सिफारिस, उपभोक्ता समितिको खर्चको सार्जजनीकीकरणा तथा सार्वजनिक सुनुवाई, प्राविधिकको मूल्याङ्कन तथा कार्यसम्पन्न प्रतिवेदन, योजना/कार्यक्रमको काम गर्नु पूर्व, काम हुदैं गरेको र काम सम्पन्न भएको अवस्थाको स्पष्ट देखिने तस्वीर, दफा ६ बमोजिमको गाउँपालिकाको अनुगमन/मुल्याङ्कन समितिको सिफारिस अनिवार्य पेश गर्नुपर्ने छ ।

(ख) समूह मार्फत सञ्चालित कार्यक्रमको फरफारक तथा रकम भुक्तानी बैंक मार्फत भुक्तानी गरिनेछ । भुक्तानी भन्दा अगाडि वडा कार्यालयबाट कार्यक्रम सम्पन्नको सिफारिस, समुहले गरेको कामको सम्बन्धमा सम्बन्धित समूहले खर्चको विवरण, प्राविधको मूल्यांकन तथा कार्यसम्पादन प्रतिवेदन

लगायत सञ्चालित योजना तथा कार्यक्रमको स्पष्ट देखिने तस्वीर र दफा ६ बमोजिमको अनुगमन/मूल्याङ्कन समितिको सिफारिस अनिवार्य पेश गर्नुपर्ने छ ।

(ग) एकमुष्ट अनुदान वितरण कार्यक्रमका लागि पुष्टाई गर्ने आवश्यक कागजात वा प्रमाण, दफा ६ बमोजिमको अनुमगन/मूल्याङ्कन समितको सिफारिस, वडा कार्यालयको सिफारिस, प्राविधिक कार्यसम्पन्न तथा मूल्याङ्कन तथा प्रतिवेदन समेतको आधारमा अनुदान रकम बैंक खाता मार्फत भुक्तानी गरिने छ ।

(घ) संघ/संस्था मार्फत संचालित कार्यक्रमको रकम भुक्तानीका लागि पुष्ठाइ गर्ने आवश्यक कागजात वा प्रमाण दफा ६ बमोजिमको अनुगमन तथा मूल्याङ्कन समितिको सिफारिस, वडा कार्यालयको सिफारिस, प्राविधिक मूल्याङ्कन तथा कार्यसम्पन्न प्रतिवेदन समेतको आधारमा बैंक खाता मार्फत भुक्तानी गरिनेछ ।

(ङ) रु पचास हजार भन्दा कम रकम चेक मार्फत र सो भन्दा वढी रकमको भुक्तानी उपभोक्ता समितिको बैंक खाता मार्फत गरिने छ ।

६. अनुगमन/मूल्याङ्कन

बस्तीबस्तीमा अध्यक्ष कार्यक्रमलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न देहाय बमोजिमको अनुगमन तथा मूल्याङ्कन समिति रहने छ ।

१. गाउँपालिकाको उपाध्यक्ष :-	संयोजक
२. प्रमुख प्रशासकीय अधिकृत :-	सदस्य
३. सम्बन्धित वडाको वडा अध्यक्ष :-	सदस्य
४. राजश्व तथा आर्थिक प्रशासन शाखा :-	सदस्य
५. पूर्वाधार विकास शाखा प्रमुख :-	सदस्य
६. सम्बन्धित योजना तथा कार्यक्रम हेर्ने प्राविधिक	सदस्य
७. योजना शाखा प्रमुख	सदस्य सचिव

अनुगमन समितिले गरेका कामको, चौमासिक र वार्षिक प्रतिवेदन गाउँ कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने छ । अनुगमन समितिले दिएका रचनात्मक सुझावलाई ग्रहण गर्दै बस्तीबस्ती अध्यक्ष कार्यक्रमलाई वढी जनमुखी, प्रभावकारी र पारदर्शी बनाउदै अझै वढी परिस्कृत गर्दै लगिनेछ ।

७. संशोधन, खार्जी :- गाउँ कार्यपालिकाले यो कार्यविधिलाई समय सापेक्ष संशोधन, परिमार्जन वा खारेज गर्न सक्नेछ ।